नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन इकाई कपिलवस्तु

**एकिकृत सामूदायिक नमुना आधुनिक कृषि फार्म स्थापनाको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७६/१०/०७

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई कपिलवस्तुद्धारा आ.व. २०७६/०७७ को बार्षिक स्विकृत कार्यक्रममा अनुसार कपिलवस्तु जिल्लामा संचालन गरिने एकिकृत सामूदायिक नमूना आधुनिक कृषि फार्म स्थापनाकार्यक्रम संचालनका लागि यस परियोजनाबाट ५० प्रतिसत अनुदान सहजीकरण सेवा सुविधा नेपाल सरकारको तर्फबाट उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा नमुना कृषि फार्म संचालन गर्न इच्छुक कृषक समुह, कृषि सहकारी, फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचाको परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन परियोजना कार्यान्वयन इकाई कपिलवस्तु मा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. संस्थाको दर्ता प्रमाणपत्र,PAN/VAT दर्ता प्रमाण पत्र र आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु,बार्षिक अडिट रिपोर्ट र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि ।

२. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनाको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तह/अन्य संघ संस्थाबाट सोहि कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्ने छ ।

पुनश्चः निवेदन र परियोजना प्रस्ताव यस परियोजनाबाट तयार गरिएको ढांचामा पेश गर्नुपर्नेछ तर सो मा केहि सान्दर्भिक विषयवस्तु थप गर्न बाधा पर्ने छैन । निवेदन, परियोजना प्रस्ताव ढाँचा तथा मापदण्ड यस परियोजनाको वेभसाइट बाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि सम्पर्कः

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन इकाई कपिलवस्तु

Email-pmamp.piu.kapilvastu@gmail.com

Website-www.kapilvastu.pmamp.gov.np

फोन नं. ०७६५५०३४७